# रामारोशन गाउँपालिका

## नीति तथा कार्यक्रम
## आ.व. २०८३/८४

**रामारोशन गाउँपालिकाको आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम**

उपस्थित गाउँसभा सदस्यज्यूहरू,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि, सुशासन र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका वलिदानीपूर्ण सङ्घर्ष र क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। जनहित र अग्रगमनका लागि योगदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौँ। हामी अहिले समाजवादउन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाका साथ अगाडि बढिरहेका छौँ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका सार्वभौम जनताले उत्कृष्ट तहको स्वतन्त्रताको उपभोग गर्दै आफ्नो अधिकार प्रयोग गरिरहेको वर्तमान अवस्था सिर्जनाका लागि इतिहासका विभिन्न कालखण्डमा बलिदान गर्नुहुने महान् योद्धाहरू, घाइते तथा अपाङ्ग योद्धाहरू, बेपत्ता योद्धाहरू, स्वतन्त्रता सेनानीहरू तथा सम्पूर्ण आम जनसमुदायमा उच्च सम्मानसहित हार्दिक आभार व्यक्त गर्दछौँ।

विकेन्द्रीकरणको उत्कृष्ट नमुनाका रूपमा रहेको तीन तहको सङ्घीय व्यवस्थाअन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरू अहिले आ-आफ्नो क्षेत्राधिकारमा रही बजेट निर्माणका लागि जुटिरहेको अवस्था छ। ठुलो बलिदान र सङ्घर्षपश्चात् प्राप्त वर्तमान व्यवस्थामा पनि विकास र सुशासनका सवालमा जनतामा व्यापक निराशा र आक्रोश बढ्दो अवस्थामा छ भने व्यवस्थाको विकल्प खोजिनुपर्छ भन्ने संविधानविरोधी आवाजहरू संसद्देखि सडकसम्मै देखिन थालेका छन्। सबै तहका सरकारहरूले आ-आफ्नो तहबाट जनआकाङ्क्षा पूरा गर्ने कार्य गर्नु अहिलेको परम आवश्यकता हो।

व्यवस्था परिवर्तन भयो तर जनताको अवस्थामा परिवर्तन भएन भन्ने मत बढ्दै गइरहेको वर्तमान अवस्थामा वास्तविक रूपमा जनताको जीवनस्तर उकास्ने र जनताका आकाङ्क्षा पूरा गर्ने कुरामा केन्द्रित हुनु सबै तहका सरकारहरूको पहिलो कर्तव्य हो। पुरानो सामाजिक संरचना परिवर्तन हुँदै विद्युतीय समाजको अवधारणा बमोजिम नयाँ सामाजिक मूल्य-मान्यताको स्थापना हुँदै गइरहेको सन्दर्भमा सामाजिक अवसर तथा चुनौतीहरू समेत नवीन ढङ्गले अगाडि आएका छन्। सामाजिक सञ्जालमा आधारित नयाँ समाजमा उत्पन्न चुनौतीहरूलाई अवसरमा बदल्दै त्यही किसिमको मूल्यको विकास गरिनु आवश्यक भइसकेको छ।

संविधान कार्यान्वयन, सङ्घीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण सरकारका मुख्य जिम्मेवारी हुन्। परम्परागत सामाजिक मूल्य र संरचनामा आएको परिवर्तनसँगै हाम्रो सेवा प्रवाहमा चुस्तता, प्रभावकारिता, पारदर्शिता प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई सूचना प्रविधिसँग जोड्न सकिएन भने युग अनुसारको सेवा प्रवाह हुन नसकनेतर्फ समेत सचेत हुनुपर्ने अवस्था छ।

सङ्घीयताको कार्यान्वयनका क्रममा हामी स्थानीय तहको दोस्रो कार्यकालको उत्तरार्द्धमा छौँ। यहाँसम्म आइपुग्दा रामारोशनको विकास र समृद्धिका लागि विभिन्न दूरगामी र महत्त्वपूर्ण कार्यहरू भएका छन्। पूर्वाधार निर्माणतर्फ सबै वडा कार्यालयसम्म सडक सञ्जाल पुर्‍याइसकिएको छ भने रामारोशनका सबै

वडाहरूको मध्यविन्दु जोड्दै जाने 'रामारोशन रिङरोड' को अधिकांश ट्र्याक खोल्ने काम भइसकेको छ। हाम्रा ७ वटा वडा कार्यालयहरूमध्ये ४ वटा वडा कार्यालयका भवनहरू निर्माण सम्पन्न भइसकेका छन् भने एउटा भवन निर्माणाधीन अवस्थामा छ तथा बाँकी २ भवन आगामी आर्थिक वर्षमा ठेक्का गर्ने चरणमा छौँ।

७ वटा स्वास्थ्य चौकीहरूमध्ये ४ वटा स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न भइसकेको छ भने वडा नं. ६ को स्वास्थ्य चौकीको भवन निर्माण चालु आर्थिक वर्षमै सम्पन्न हुन्छ। विद्यालयको शैक्षिक पूर्वाधार विकासका सन्दर्भमा समेत विन्देश्वरी नमुना माध्यमिक विद्यालय तथा नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका भवनहरू जस्ता सुविधासम्पन्न भवनहरूको निर्माण कार्य भएको छ। नेपाल राष्ट्रिय माध्यमिक विद्यालय प्रदेशअन्तर्गत नमुना विद्यालयका रूपमा छनोट भई निर्माणाधीन अवस्थामा रहेको छ। श्री पिङ्गला माध्यमिक विद्यालयको ६ कोठे भवनको ठेक्का आह्वान भई सम्झौता भएर कार्य अगाडि बढेको छ। श्री पूर्णचन्द्र माध्यमिक विद्यालयको ६ र ८ कोठे भवन निर्माणको ठेक्का अगाडि बढी सम्झौता भएको छ। किम्तोला आधारभूत विद्यालयको ४ कोठे पक्की भवनको निर्माण कार्य अगाडि बढेको छ भने सडेगडामा नयाँ बस्ती स्थानान्तरण भएसँगै २ कोठे भवन निर्माणको कार्य अगाडि बढेको छ।

सदस्यज्यूहरू, युग अनुसारको पूर्वाधारको विकासबिना गुणस्तरीय शिक्षा सम्भव नहुने भएकाले विद्यालयको कक्षाकोठालाई सूचना प्रविधिमैत्री बनाई एआई (AI) प्रविधिलाई शिक्षण तथा कक्षाकोठासँग जोड्न, गुणस्तरीय शिक्षाका लागि 'रामारोशन आइसिटी (ICT) परियोजना' को ठेक्का अगाडि बढेको छ। कक्षाकोठालाई विद्यार्थीमैत्री बनाउन 'रामारोशन विद्यालय फर्निचर' को ठेक्का अगाडि बढेको छ।

सदस्यज्यूहरू, प्रशासकीय भवन निर्माणको ठेक्का अगाडि बढेकोमा इरान-इजरायल-अमेरिका तनावका कारण भएको अस्वाभाविक मूल्यवृद्धिका कारण निर्माण कार्य अगाडि बढ्न सकेको छैन।

नेपालको संविधान, संविधानमा भएका अनुसूचिहरू, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दिगो विकासका लक्ष्यहरू तथा रामारोशन गाउँपालिकाको आवधिक योजना एवं मध्यमकालीन खर्च संरचनासमेतलाई आधार मानी सीमित स्रोतबाट जनताका असीमित र बढ्दो आकाङ्क्षाहरू पूरा गर्न हामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौँ। सीमित स्रोतबाट जनताको असीमित आकाङ्क्षा परिपूर्ति गर्नु स्थानीय सरकारका लागि अवसर र चुनौती दुवै हो। तमाम अभाव र आकाङ्क्षाका बीच रामारोशन गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम क्षेत्रगत रूपमा सम्मानित गाउँसभामा पेस गर्ने अनुमति चाहन्छु।

## क) आर्थिक विकास

### कृषिः

१. कृषकहरूलाई कृषि पेसामा आकर्षित गर्न तालिम, भ्रमण, पाठशाला, तरिका तथा नतिजा प्रदर्शन, र सम्मान तथा पुरस्कार कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, वास्तविक कृषक पहिचानका लागि कृषक दर्ता प्रणाली (किसान सूचीकरण) लाई नियमित बनाइनेछ।
२. खाद्यान्न बालीको बीउ वितरणमा अनुदान, सिँचाइको व्यवस्था, र कृषिमा आधुनिक प्रविधि तथा यान्त्रिकीकरणलाई प्रोत्साहन गरिनेछ। जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै सम्भाव्य

क्षेत्रहरूमा फलफूल (ओखर, किभी, कागती, सुन्तला) र नगदे बाली (अदुवा, टिमुर) खेती गर्ने किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

३. जलवायु परिवर्तन अनुकूलित जातहरूको खेती विस्तार, स्थानीय (रैथाने) बाली उत्पादनमा जोड, बाली संरक्षण, र वातावरणमैत्री प्राङ्गारिक खेती प्रणाली अवलम्बन गरिनेछ। साथै, उत्पादित कृषि सामग्रीहरूको सहज बजारीकरणका लागि आवश्यक सहयोग र सहजीकरण गरिनेछ।

**पशु सेवाः**

४. **पशुपक्षी स्वास्थ्य, महामारी नियन्त्रण तथा औषधि वितरण:** "स्वस्थ पशुधनः कृषकको खुसी मन" भन्ने मूल नारालाई सार्थकता दिन वडागत रूपमा कृषि तथा पशुपक्षी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। पशुपक्षीमा लाग्ने विभिन्न रोग तथा परजीवीको उपचारका लागि निःशुल्क औषधि वितरण गर्नुका साथै भेडा/बाख्रामा लाग्ने सङ्क्रामक पी.पी.आर. (P.P.R.) रोग विरुद्धको खोप अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५. **क्षमता अभिवृद्धि तथा आधुनिक पशुपालन तालिम:** पशुपालन क्षेत्रलाई परम्परागत शैलीबाट आधुनिक र व्यावसायिकतातर्फ रूपान्तरण गर्न कृषकहरूको माग र आवश्यकतामा आधारित पशुपक्षी व्यवस्थापन, पोषण, र स्वास्थ्य सम्बन्धी आधुनिक तालिमहरू सञ्चालन गरी कृषकहरूको प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ।

६. **लगानी सुरक्षा तथा पशुपक्षी बिमा कार्यक्रम:** पशुपालनमा हुन सक्ने भवितव्य, महामारी र अकाल मृत्युबाट कृषकहरूलाई हुन सक्ने आर्थिक जोखिम कम गरी लगानीको सुरक्षा गर्न व्यापक रूपमा पशुपक्षी बिमा कार्यक्रम लागू गरिनेछ। यसबाट कृषकहरूलाई निर्धक्क भई पशुपालन व्यवसायमा लगानी गर्ने वातावरण निर्माण गरिनेछ।

७. **पशुपालनको सम्भाव्यता अध्ययन तथा व्यावसायिक प्रवर्द्धन:** स्थानीय भूगोल र पर्यावरण अनुकूल पशुपालनको पकेट क्षेत्र निर्धारण गर्न सम्भाव्यता अध्ययन गरिनेछ। रैथाने तथा उन्नत जातका पशुपक्षी पालनको सम्भाव्यतालाई ध्यानमा राखी व्यावसायिक फार्म स्थापना, उद्यमशीलता विकास, र उत्पादित वस्तुको बजारीकरणका लागि आवश्यक प्रोत्साहन र पूर्वाधार विकासमा जोड दिइनेछ।

**पर्यटनः**

८. **कानुनी व्यवस्था र आन्तरिक राजस्व परिचालन:** रामारोशन पर्यटन क्षेत्रलाई पालिकाको दिगो र मुख्य आयस्रोतका रूपमा स्थापित गर्न आवश्यक नीति, नियम तथा कार्यविधि तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। पर्यटन शुल्क, सेवा शुल्क र व्यवस्थापन चुस्त बनाई सङ्कलित राजस्वलाई पालिकाको आर्थिक समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिनेछ।

९. **डुङ्गा सञ्चालन व्यवस्थापन र पूर्वाधार विकास:** रामारोशन तालमा सञ्चालित डुङ्गा (बोटिङ) सेवालाई थप सुरक्षित, व्यवस्थित र आधुनिक बनाई आकर्षक पर्यटकीय प्याकेजका

रूपमा सञ्चालन गरिनेछ। यस क्षेत्रमा पर्यटकको बसाइ लम्ब्याउन आवश्यक भ्यु-टावर, पदमार्ग, रिसोर्ट तथा अन्य पर्यटन पूर्वाधार निर्माणका लागि विशेष प्रबन्ध मिलाइनेछ।

१०. **धार्मिक तथा प्राकृतिक पर्यटनको एकीकरण (नन्दामाता तीर्थस्थल):** प्राकृतिक अद्वितीयतासँगै ऐतिहासिक नन्दामाता तीर्थस्थललाई प्रमुख धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ। रामारोशनको प्राकृतिक सौन्दर्य र नन्दामाताको धार्मिक महत्त्वलाई एकापसमा जोड्दै 'धार्मिक-प्राकृतिक पर्यटन परिपथ' (Tourism Circuit) को विकास गरी पालिकाको राजस्वको दायरा फराकिलो बनाइनेछ।

११. **बजारीकरण, विश्वव्यापीकरण र अन्तर-सरकार समन्वय:** रामारोशन क्षेत्रको प्रचार-प्रसार, ब्रान्डिङ र विश्वव्यापीकरणका लागि योजनाबद्ध रूपमा डिजिटल तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। पर्यटन गुरुयोजना निर्माण तथा ठूला पूर्वाधार विकासका लागि सङ्घीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारसँग आवश्यक साझेदारी, बजेट तथा प्राविधिक समन्वय गरिनेछ।

**उद्यम विकासः**

१२. **उद्यमीहरूको पहिचान र सर्वेक्षण:** गाउँपालिकाभित्रका गरिब, विपन्न, एकल महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा स्वदेश/विदेशमा रोजगारी गुमाएका युवाहरूको घरधुरी सर्वेक्षण गरी सामाजिक–आर्थिक अवस्थाका आधारमा सम्भाव्य उद्यमीहरूको वस्तुनिष्ठ छनोट गरिनेछ।

१३. **लघु उद्यमी सिर्जना र क्षमता विकास:** छनोट भएका व्यक्तिहरूलाई सामाजिक परिचालन, उद्यमशीलता तथा प्राविधिक सीप विकास तालिम, उपयुक्त प्रविधिको हस्तान्तरण, वित्तीय साक्षरता र व्यवसाय दर्ता प्रक्रियामा प्रशासनिक सहयोग उपलब्ध गराई नयाँ लघु उद्यमी सिर्जना गरिनेछ।

१४. **स्थानीय स्रोतमा आधारित स्वरोजगार:** स्थानीय तहमा उपलब्ध कच्चा पदार्थ तथा कृषि उपजहरू (जस्तैः अल्लो, सिस्नो, नेपाली कागज, कोदो, मकै, भटमास, बाँस/निगालो, जङ्गली काठ र फलफूल) मा आधारित नयाँ सीपमूलक तालिम प्रदान गरी वातावरणमैत्री एवं व्यावसायिक स्वरोजगारका अवसरहरू सिर्जना गरिनेछ।

१५. **वित्तीय पहुँच र बजार व्यवस्थापन:** उत्पादित वस्तु तथा सेवालाई बजारको माग अनुरूप गुणस्तरीय बनाउँदै लघुवित्तमा पहुँच सहज बनाइनेछ र उद्यमहरूको दिगोपनका लागि बजार व्यवस्थापन एवं निरन्तर व्यावसायिक परामर्श सेवा सुनिश्चित गरिनेछ।

**सहकारी**

१६. **उत्पादन, सुशासन र सुदृढीकरण:** सहकारी संस्थाहरूलाई उत्पादन, बचत, रोजगारी सिर्जना र स्थानीय उत्पादनको बजारीकरणमा केन्द्रित गर्दै ग्रामीण अर्थतन्त्र सुदृढ गरिनेछ; साथै वित्तीय अनुशासन, पारदर्शिता र जोखिम न्यूनीकरणका लागि डिजिटल प्रणालीमार्फत कडा नियमन, अनुगमन र कानुनी व्यवस्था लागू गरी सहकारीमा सुशासन कायम गरिनेछ।

१७. **समन्वय, एकीकरण र पूँजी संकलन:** समान उद्देश्य भएका सहकारी संस्थाहरूलाई एकीकरण (Merger) गर्ने प्रक्रिया अगाडि बढाइनुका साथै विभिन्न समूहमा छरिएर रहेको रकमलाई सहकारीमार्फत संकलन गरिनेछ र यसका लागि स्थानीय, प्रदेश र संघीय सरकारबीच आवश्यक समन्वय गरिनेछ।

**सामाजिक विकास**

**स्वास्थ्य तथा खाद्य स्वच्छता**

१८. **स्वास्थ्य क्षेत्रको सुदृढीकरण र संस्थागत सुधार:** "सबैका लागि स्वास्थ्य र स्वास्थ्यका लागि सबै" भन्ने आदर्शलाई कार्यान्वयन गर्न गाउँपालिका प्रतिबद्ध रहनेछ। पालिकाभित्रका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई र बाह्य खोप केन्द्रहरूको भौतिक संरचना मर्मत, गुणस्तर सुधार एवं न्यूनतम सेवा मापदण्ड पालना सुनिश्चित गर्न प्रत्येक स्वास्थ्य संस्थालाई अनुदान रकम उपलब्ध गराई सेवालाई प्रभावकारी बनाइनेछ।

१९. **सुरक्षित मातृत्व, प्रसूति सेवा र शून्य गृह प्रसूति (Zero Home Delivery) अभियान:** गाउँपालिकालाई शून्य गृह प्रसूति पालिका बनाउन ७ वटै वडाका स्वास्थ्य संस्थाहरूमा सुत्केरी कक्ष र आवास गृहको व्यवस्थापन गरिनेछ। दुर्गम तथा विपन्न क्षेत्रका गर्भवती महिलाका लागि निःशुल्क भिडियो एक्सरे, आकस्मिक प्रसूति प्रेषण (Referral) का लागि निःशुल्क एम्बुलेन्स सेवा, र समुदायमा आधारित नवजात शिशु सेवामार्फत मातृ तथा शिशु मृत्युदरमा तीव्र रूपमा कमी ल्याइनेछ।

२०. **एकीकृत यौन, प्रजनन तथा नागरिकमैत्री स्वास्थ्य सेवा:** बालविवाह न्यूनीकरण र प्रजनन स्वास्थ्य सुधारका लागि प्रत्येक स्वास्थ्य संस्थामा नर्सहरू परिचालन गरी सचेतना र सेवा प्रवाह गरिनेछ। युवा तथा किशोरीमैत्री स्वास्थ्य सेवालाई विद्यालय स्वास्थ्य कार्यक्रमसँग समायोजन गरिनेछ र यस क्षेत्रको अनुगमन 'उपाध्यक्ष महिला सशक्तीकरण कार्यक्रम' मार्फत गरिनेछ। साथै, सुरक्षित गर्भपतन सेवाको सुदृढीकरण र एच.आई.भी. एड्स व्यवस्थापनका लागि ए.आर.टी. (ART) वितरण केन्द्र स्थापना गरिनेछ।

२१. **लक्षित वर्गको अधिकार संरक्षण, विशेषज्ञ सेवा र महामारी नियन्त्रण:** महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत, सहिद परिवार, द्वन्द्वपीडित र अपाङ्गता भएका व्यक्तिहरूको संवैधानिक स्वास्थ्य अधिकार प्रत्याभूत गरिनेछ। दुर्गम तथा पिछडिएका क्षेत्रहरूमा क्षयरोगमुक्त पालिका अभियान, नसर्ने रोगहरूको स्क्रिनिङ क्याम्प, लैङ्गिक हिंसा पीडितका लागि मनोसामाजिक परामर्श, र विशेषज्ञ घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

२२. **अभिभावकत्व सुदृढीकरण र खाद्य स्वच्छता नियमन:** ज्येष्ठ नागरिकसँग सम्बन्धित स्वास्थ्य सवालहरू र अखाद्य वस्तु, मदिरा तथा सुर्तीजन्य पदार्थको कडा नियमन एवं कारबाहीका गतिविधिहरू 'सरकार प्रमुखसँग अभिभावक कार्यक्रम' मार्फत सम्बोधन गरिनेछ। जनस्वास्थ्यको सुधारका लागि 'स्वास्थ्य सबै नीतिहरूमा' भन्ने अवधारणालाई स्थानीय तहका अन्य सामाजिक नीतिहरूमा समेत प्रतिबिम्बित गरिनेछ।

**२३. बहुक्षेत्रीय पोषण सुनिश्चितता, समपूरक कोष र प्रवर्द्धनात्मक कार्यक्रम:** आगामी ४ वर्षभित्र रामारोशन गाउँपालिकालाई पूर्ण पोषणयुक्त पालिका घोषणा गर्ने लक्ष्यका साथ राष्ट्रिय योजना आयोगको निर्देशिका अनुसार सबै वडाहरूमा 'पोषण तथा खाद्य सुरक्षा समिति' गठन गरी यस योजनालाई मूलप्रवाहीकरण गरिनेछ। यसका लागि पालिकाले आवश्यक समपूरक कोषको व्यवस्था गर्नेछ, जस अन्तर्गत 'एक घर एक करेसाबारी' अभियान, गर्भवती आमाहरूका लागि 'उपाध्यक्ष कोसेली कार्यक्रम', पोषण नमुना टोल घोषणा र बाल पोषण भत्ता पाउनका लागि बच्चा जन्मेको ३५ दिनभित्र जन्मदर्ता अनिवार्य गर्ने प्रणाली लागू गरी आमा र बालबालिकामा हुने कुपोषण एवं पुड्कोपनको दरमा व्यापक कमी ल्याइनेछ।

**शिक्षा तथा खेलकुद तर्फः**

२४. **शिक्षण सिकाइ र प्रशासनमा एआई (AI) तथा डिजिटल प्रविधिको मूलप्रवाहीकरण:** आधुनिक र प्रविधिमैत्री शिक्षा प्रणाली विकास गर्न विद्यालयहरूमा एआई–असिस्टेड टिचिङ (AI-assisted teaching) प्रणाली लागू गरिनेछ । "एक शिक्षक–एक AI Skill" अभियान अन्तर्गत शिक्षकहरूलाई च्याटजिपिटी, जेमिनी, क्यानभा एआई जस्ता शैक्षिक टूल्सको प्रयोग गरी पाठयोजना, प्रश्नपत्र र डिजिटल सामग्री निर्माण गर्ने तालिम दिइनेछ । साथै क्रमशः 'स्मार्ट क्लासरुम' र इ-कन्टेन्ट लाइब्रेरी स्थापना गर्दै विद्यालय प्रशासन, मूल्याङ्कन, र IEMIS प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरी विद्यार्थीहरूमा कोडिङ, रोबोटिक्स र साइबर सुरक्षा साक्षरता अभिवृद्धि गरिनेछ ।

२५. **शैक्षिक पूर्वाधार, सञ्चार प्रविधि र समावेशी पहुँच विस्तार:** गाउँपालिका भित्रका विद्यालयहरूको भौतिक संरचना सुधार गर्दै प्रत्येक माध्यमिक विद्यालयमा क्रमशः प्रोजेक्टर, भरपर्दो इन्टरनेट र डिजिटल लर्निङ डिभाइसको व्यवस्थापन गरिनेछ । भौगोलिक रूपमा दुर्गम क्षेत्रका विद्यालयहरूलाई सञ्चार सञ्जालमा जोड्न प्राथमिकता दिइनेछ तथा विपन्न, जेहेन्दार एवं अपाङ्गता भएका विद्यार्थीहरूका लागि सहायक प्रविधि (Assistive Technology) र डिजिटल सिकाइ सहायता कार्यक्रम सञ्चालन गरी समावेशी शिक्षा सुनिश्चित गरिनेछ ।

२६. **गुणस्तरीय आधारभूत शिक्षा र दिवाखाजा कार्यक्रमको निरन्तरता:** प्रारम्भिक बालविकास केन्द्र (ECED) हरूको सिकाइ वातावरणमा सुधार गर्दै आधारभूत तहको शिक्षालाई जगैदेखि गुणस्तरीय र जीवनोपयोगी बनाइनेछ । विद्यार्थीहरूको विद्यालय भर्ना दर बढाउन र टिकाउपन सुनिश्चित गर्न नेपाल सरकारको मापदण्ड अनुरूप विद्यालयहरूमा सञ्चालित दिवाखाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडी अझ बढी प्रभावकारी, पोषिलो र निरन्तर बनाइनेछ ।

२७. **शिक्षक दरबन्दी मिलान, नियमन र वृत्तिविकास:** पालिका भित्रका विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान कार्यलाई पारदर्शी रूपमा निरन्तरता दिइनेछ। शिक्षण पेसालाई मर्यादित र जवाफदेही बनाउन नियमित विद्यालय अनुगमन, सुपरिवेक्षण र कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गरिनेछ। उत्कृष्ट कार्य गर्ने र डिजिटल प्रविधि अवलम्बन गर्ने शिक्षकहरूलाई वार्षिक रूपमा पुरस्कृत तथा सम्मानित गरिनेछ।

२८. **मातृभाषामा शिक्षा, स्थानीय पाठ्यक्रम र अनौपचारिक शिक्षा:** स्थानीय पहिचान, संस्कृति र भूगोललाई समेटेर तयार पारिएको स्थानीय पाठ्यक्रमलाई सबै विद्यालयहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष भर्ना अभियान सञ्चालन गरिनुका साथै प्रौढ तथा निरक्षर नागरिकहरूका लागि अनौपचारिक शिक्षा र कार्यमुलक साक्षरता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२९. **प्राविधिक तथा व्यावसायिक शिक्षा र छात्रवृत्ति व्यवस्थापन:** युवाहरूलाई स्वरोजगार र श्रम बजार अनुकूल बनाउन प्राविधिक तथा व्यावसायिक धारतर्फका कार्यक्रमहरूलाई सुदृढ गरिनेछ। गरिब, जेहेन्दार, दलित, जनजाति, टुहुरा तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च शिक्षा र प्राविधिक शिक्षा अध्ययनका लागि प्रदान गरिँदै आएको गाउँपालिका स्तरीय छात्रवृत्ति कार्यक्रमलाई थप व्यवस्थित र न्यायोचित रूपमा निरन्तरता दिइनेछ।

३०. **जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्डको ऐतिहासिक आयोजना र समन्वय:** आगामी आर्थिक वर्षमा जिल्ला स्तरीय 'राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता' रामारोशन गाउँपालिकामा भव्य र व्यवस्थित रूपमा आयोजना गरिनेछ। यस ऐतिहासिक प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्न सङ्घीय, प्रदेश र जिल्ला खेलकुद विकास समितिसँग आवश्यक समन्वय, बजेट व्यवस्थापन र भौतिक तयारीलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।

३१. **खेलकुद पूर्वाधार विकास र स्थानीय प्रतिभा पहिचान:** "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ युवाहरूलाई खेलकुदमा आकर्षित गर्न प्रत्येक वडामा खेलमैदान र आवश्यक खेल पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ। गाउँपालिका स्तरीय र अन्तर-विद्यालय खेलकुद प्रतियोगिताहरू नियमित आयोजना गरी स्थानीय स्तरमा रहेका प्रतिभावान खेलाडीहरूको पहिचान, प्रोत्साहन र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**महिला, वालवालिका तथा सामाजिक समावेसिकरण:**

३२. **लैङ्गिक समानता, महिला सशक्तिकरण तथा हिंसा न्यूनीकरण:** महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका लागि उद्यमशीलता विकास तथा सीपमूलक तालिम सञ्चालन गरिनेछ। लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै 'लैङ्गिक हिंसा

निवारण कोष' लाई निरन्तरता दिइनेछ र एकल, विपन्न तथा जोखिममा रहेका महिला एवं किशोरीहरू विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३३. **बालअधिकार संरक्षण र बालमैत्री स्थानीय शासन:** बालअधिकारको संरक्षण र बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बाल अधिकार समिति, बाल क्लब तथा बाल सञ्जालहरूलाई सक्रिय बनाइनेछ। बालविवाह, बालश्रम र बालहिंसा विरुद्ध जागरण अभियान सञ्चालन गर्नुका साथै अनाथ, असहाय, टुहुरा र हिंसापीडित बालबालिकाको सामाजिक सुरक्षाका लागि 'बाल संरक्षण कोष' को निरन्तरता र प्रभावकारी परिचालन गरिनेछ।

३४. **ज्येष्ठ नागरिक सम्मान र अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण:** ज्येष्ठ नागरिकहरूको सामाजिक सहभागिता वृद्धि गर्न ज्येष्ठ नागरिक परिचयपत्र वितरण, जेष्ठ नागरिकमैत्री सेवा प्रवाह र सम्मानका कार्यक्रमहरू सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता परीक्षण शिविर सञ्चालन, परिचयपत्र वितरणमा सहजीकरण, सहायक सामग्री वितरण, र उनीहरूको क्षमता विकासका लागि सीपमूलक तालिम प्रदान गरी सार्वजनिक सेवामा पहुँच वृद्धि गरिनेछ।

३५. **लक्षित वर्गको उत्थान, जीविकोपार्जन र विभेद अन्त्य:** दलित, आदिवासी जनजाति, सीमान्तकृत समुदाय, एचआईभी सङ्क्रमित र पिछडिएका वर्गको समावेशी सहभागिता सुनिश्चित गरिनेछ। जातीय छुवाछुत लगायतका सबै खाले विभेद अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै यी समुदायका महिला र किशोरीहरूको जीविकोपार्जनका लागि लक्षित आयआर्जन तथा क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

३६. **किशोरकिशोरी विकास, सचेतना र लैङ्गिक उत्तरदायी बजेट प्रणाली:** किशोरकिशोरीहरूको सकारात्मक सोच, आत्मरक्षा, नेतृत्व विकास र भविष्य छनोटका लागि विभिन्न सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। लागुपदार्थ दुर्व्यसनी, मानव बेचबिखन र सामाजिक कुरीति विरुद्ध पालिकाव्यापी सचेतना अभियान चलाइनेछ । साथै, योजना निर्माण प्रक्रियालाई समावेशी बनाउन 'लैङ्गिक उत्तरदायी बजेट कोडिङ' र बजेट परीक्षण प्रणालीलाई संस्थागत एवं प्रभावकारी बनाइनेछ।

**सामाजिक सुरक्षा तथा पंजिकरण तर्फः**

३७. **डिजिटल व्यक्तिगत घटना दर्ता र जनचेतना प्रवर्द्धन:** जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गर्न पालिकाव्यापी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। सबै वडाहरूमा अनलाइन व्यक्तिगत घटना दर्ता प्रणाली (VERSP-MIS) लाई थप प्रभावकारी बनाउँदै जन्मदर्तासँगै बालबालिकालाई राज्यका आधारभूत सेवामा पहुँच सुनिश्चित गर्न समन्वय गरिनेछ।

३८. **प्रविधिमैत्री सामाजिक सुरक्षा भत्ता र नवील बैंकसँग सहकार्य:** सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई पारदर्शी, झन्झटरहित र व्यवस्थित बनाउन लाभग्राहीहरूको डिजिटल अभिलेखीकरण र तथ्याङ्क अद्यावधिक कार्यलाई प्राथमिकता दिइनेछ। विशेष गरी ज्येष्ठ नागरिक

तथा अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई सहज रूपमा भत्ता वितरण गर्न **नवील बैंक**सँग आवश्यक सहकार्य र समन्वय गरी बैङ्किङ प्रणालीलाई सुदृढ गरिनेछ।

३९. **राष्ट्रिय परिचयपत्र व्यवस्थापन र प्रशासनिक क्षमता विकास:** राष्ट्रिय परिचयपत्र विभागसँग समन्वय गरी परिचयपत्र दर्ता सम्बन्धी सेवा प्रवाहलाई निरन्तरता दिइनेछ र विगतका शिविरहरूमा दर्ता भएका परिचयपत्रहरू विभागसँग समन्वय गरी पालिकाको पञ्जीकरण इकाईमार्फत नै वितरण गर्ने व्यवस्था मिलाइनेछ। साथै, सेवा प्रवाहलाई प्रभावकारी बनाउन वडा स्तरमा अभिमुखीकरण, कर्मचारी क्षमता विकास, र गुनासो सुनुवाइ प्रणालीलाई सक्रिय बनाइनेछ।

४०. **पुर्वाधार विकास**

**भौतिक पुर्वाधारः**

४१. **हरित र उत्थानशील पूर्वाधार:** दिगो विकास लक्ष्य (SDGs) र स्थानीय अनुकूलन कार्ययोजना (LAPA) अनुरूप विपद् जोखिम संवेदनशील, जलवायु अनुकूलित र हरित पूर्वाधार निर्माणलाई समग्र भौतिक विकासको मूल आधार बनाइनेछ।

४२. **बाह्रै महिना सञ्चालनयोग्य सडक सञ्जाल:** सबै वडामा बाह्रै महिना चल्ने सडक पहुँच पुऱ्याउन रणनीतिक मार्गहरूको स्तरोन्नति र कालोपत्रे गरिनेछ तथा ग्रामीण पहुँचका लागि जैविक प्रविधियुक्त पहिरो नियन्त्रण, झोलुङ्गे एवं मोटरेबल पुलहरूको निर्माण गरिनेछ।

४३. **प्रशासनिक तथा स्वास्थ्य भवन सुदृढीकरण:** गाउँपालिकाको निर्माणाधीन आधुनिक प्रशासकीय भवन र बाँकी रहेका सम्पूर्ण वडा कार्यालय तथा स्वास्थ्य चौकी भवनहरूको निर्माण कार्य यसै आर्थिक वर्षभित्र गुणस्तरीय रूपमा सम्पन्न गरी सेवा प्रवाहलाई सहज बनाइनेछ।

४४. **विद्युतीय घरनक्सा र मर्मत सम्भार कोष:** भवन निर्माणलाई व्यवस्थित गर्न विद्युतीय घरनक्सा प्रणाली (EBPS) पूर्ण रूपमा लागू गरी कागजरहित सेवा दिइनेछ र निर्मित आयोजनाहरूको दीर्घकालीन रेखदेखका लागि 'मर्मत सम्भार कोष' सञ्चालन गरिनेछ।

४५. **रामारोशन पर्यटन पूर्वाधार र डिजिटल पोर्टल:** "१२ बण्ड १८ खण्ड" पर्यटकीय क्षेत्रको विकासका लागि पदमार्ग, होमस्टे र विश्रामस्थल निर्माण गरिनेछ तथा यस क्षेत्रको एकीकृत प्रवर्द्धन र सुरक्षाका लागि "रामारोशन पर्यटन पोर्टल" सञ्चालनमा ल्याइनेछ।

४६. **"अँध्यारो मुक्त रामारोशन" र नवीकरणीय ऊर्जा:** सबै वडामा विद्युतीकरण सुनिश्चित गर्दै स्थानीय लघु जलविद्युत्हरूलाई राष्ट्रिय ग्रिडमा जोडिनेछ र सार्वजनिक स्थलहरूमा सौर्य ऊर्जा, सडक बत्ती तथा चट्याङ सुरक्षा प्रणाली (Earthing) व्यापक बनाइनेछ।

४७. **"एक घर, एक धारा" र स्मार्ट सिँचाइ:** "एक घर, एक धारा" र WASH अभियान अन्तर्गत बाल तथा अपाङ्गमैत्री सरसफाइ संरचना निर्माण गरिनेछ र कृषिको उत्पादकत्व बढाउन लिफ्ट तथा गुरुत्व बलमा आधारित बहुउपयोगी सिँचाइ प्रणाली विस्तार गरिनेछ।

४८. **डिजिटल शासन र जलवायु अनुकूलन (LACC):** गाउँपालिकालाई अनलाइन सेवा र e-Project Monitoring मार्फत स्मार्ट बनाइनेछ र बाढी-पहिरो नियन्त्रणका लागि नदी तटबन्ध, रिचार्ज पोखरी, र पूर्वसूचना प्रणाली (Early Warning System) को संस्थागत विकास गरिनेछ।

**उर्जा:**

४९. **पूर्ण विद्युतीकरण, पूर्वाधार विकास तथा अँध्यारो मुक्त गाउँपालिका**: केन्द्रीय विद्युत प्रसारण लाइनको विस्तार, बाँकी रहेका लघु जलविद्युतहरूलाई नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी एकीकृत गर्ने, बजार, पर्यटकीय, धार्मिक क्षेत्र, स्वास्थ्य तथा शिक्षण संस्थाहरूमा सडक वा सौर्य बत्ती जडान गर्ने र १ मेगावाट विद्युत उत्पादनका लागि सम्भाव्यता अध्ययन अगाडि बढाउँदै २०८३ भित्र गाउँपालिकालाई "अँध्यारो मुक्त गाउँपालिका" घोषणा गरिनेछ।

५०. **वितरण प्रणाली सुदृढीकरण:** विद्युत सेवालाई नियमित र व्यवस्थित बनाउन मुजाबगरमा विद्युत सबस्टेशन स्थापनाका लागि प्राधिकरण समक्ष पहल गरिनेछ र आवश्यक सामानहरू खरिद गरी स्टोर गर्ने व्यवस्था मिलाइनेछ।

५१. गाउँपालिकामा बर्सेनि हुने चट्याङको जोखिम न्यूनीकरण गरी नागरिकको जिउज्यान रक्षा गर्न विज्ञहरूको सहयोगमा अर्थिङ (Earthing) को व्यवस्था गरिनेछ र समग्र ऊर्जा क्षेत्रलाई व्यवस्थित गर्न 'ऊर्जा नीति' तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

**खानेपानी तथा सरसफाई एवं जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना तर्फ:**

**५२. जलवायु-स्मार्ट कृषि, वन व्यवस्थापन तथा वातावरण संरक्षण:** खाद्य सुरक्षा र आयआर्जन प्रवर्द्धनका लागि जलवायु-स्मार्ट कृषि (Climate-Smart Agriculture) तथा कृषि-वन प्रणाली र प्राकृतिक स्रोतहरूको दिगो उपयोग सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस अन्तर्गत जलवायु उत्थानशील कृषि, सामुदायिक तथा कबुलियती वन व्यवस्थापन, जलवायु उत्थानशील सिँचाइ योजना, सुधारिएको चुलो र सुधारिएको घट्ट जस्ता वातावरणमैत्री प्रविधिहरूको कार्यान्वयन गरी स्थानीय पर्यावरण संरक्षण गरिनेछ।

५३. **पानीका मुहान संरक्षण र बहुउपयोगी जल आयोजना:** स्थानीय समुदायको समान सहभागितामा खोला-खोल्सी, पोखरी, मुहान, कुवा, र नौला लगायतका पानीका परम्परागत तथा प्राकृतिक स्रोतहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ। यस अन्तर्गत नागरिकको स्वच्छ खानेपानीमा पहुँच पुऱ्याउन जलवायु उत्थानशील खानेपानी, सरसफाइ (WASH) र बहुउपयोगी जल क्षेत्रका आयोजनाहरूलाई एकीकृत रूपमा कार्यान्वयन गरिनेछ।

५४. **क्षमता विकास, ज्ञान साझेदारी र समावेशी सुशासन:** गाउँपालिकाको संस्थागत क्षमता सुदृढीकरणका लागि निजी क्षेत्र, सहकारी, कृषि तथा सामुदायिक वन उपभोक्ता समूह, नागरिक समाज, र खानेपानी तथा सिँचाइ उपभोक्ता समितिहरू जस्ता सरोकारवाला पक्षहरूसँग कुशल ज्ञान साझेदारी गरिनेछ। यस्ता लक्षित समूहहरूको क्षमता विकास र सशक्तीकरण गर्दै स्थानीय विकास प्रक्रियामा समावेशी सुशासन कायम गरिनेछ।

**बन, वातावरण तथा विपद व्यवसव्थापन:**

५५. **एकीकृत जलवायु अनुकूलन र कार्बन व्यापारः** जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न जलवायु, ऊर्जा तथा वातावरणीय कार्यक्रम (**CEE**) लाई निरन्तरता दिइनेछ । अछाम जिल्लाकै पहिलो गाउँपालिकाको रूपमा **ईकोजोन कार्यक्रम** अन्तर्गत वैकल्पिक ऊर्जासँग भएको **कार्बन व्यापार सम्झौता**लाई व्यवस्थित रूपमा अगाडि बढाई पालिकाको आन्तरिक आयस्रोतमा वृद्धि गरिनेछ ।

५६. **प्रविधिमैत्री विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाः**बाढी, पहिरो, आगलागी र वन डढेलो जस्ता घटनाहरूको रोकथामका लागि एकीकृत व्यवस्थापन योजना र विपद् न्यूनीकरण कार्ययोजना निर्माण गरिनेछ । पालिकाभित्र विपद् जोखिमको सर्वेक्षण गरी **विपद् पोर्टल**मा प्रविष्टि (Entry) गरिनेछ र सूचना प्रविधिको प्रयोगमार्फत पूर्वचेतावनी तथा जोखिम आँकलनलाई सुदृढ बनाइनेछ ।

५७. **कोष व्यवस्थापन र एक द्वार विपद् प्रणालीः** विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाउन प्रत्येक वर्ष आवश्यक बजेट विनियोजन गरिनेछ र आपतकालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाइनेछ । विपद्को समयमा राहत र उद्धार कार्यलाई व्यवस्थित गर्न **एक द्वार विपद् व्यवस्थापन प्रणाली** विकास गरी सचेतनामूलक तालिम तथा गोष्ठीहरू सञ्चालन गरिनेछ ।

५८. **"एक कर्मचारी, एक रुख" र हरित कार्यालय अवधारणाः** सार्वजनिक कार्यालयहरूमा हरियाली प्रवर्द्धन गर्न **"एक कर्मचारी, एक रुख"** को नीति अवलम्बन गरी सोको संरक्षणको जिम्मेवारी सम्बन्धित व्यक्तिलाई नै दिइनेछ । साथै, सार्वजनिक कार्यालयको आँगनमा पिपल चौतारी निर्माण गरी शितलता प्रदान गर्ने अवधारणालाई मूर्त रूप दिइनेछ ।

५९. **पूर्वाधार निर्माणमा वातावरणीय संवेदनशीलता (EMP):** सडक निर्माण गर्दा सडकको दुवै किनारामा अनिवार्य वृक्षारोपण गर्ने नीति लिइनेछ । दिगो विकासका लागि वातावरणीय व्यवस्थापन योजना (**Environment Management Plan - EMP**) बनाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

६०. **एकीकृत फोहोरमैला, भू-संरक्षण तथा सामुदायिक वन व्यवस्थापनः** कुहिने र नकुहिने फोहोरको एकीकृत व्यवस्थापनका लागि नीतिगत व्यवस्था र सम्भाव्यता अध्ययन गरी विसर्जन केन्द्र (डम्पिङ साइट) र सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ । नदी कटान तथा पहिरो नियन्त्रणका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी वृक्षारोपण, तारजाली र विशेष प्रजातिका घाँसहरू लगाइनेछ र सामुदायिक वनको उचित नियमन गरिनेछ ।

**राष्ट्रिय रोजगार कार्यक्रमः**

६१. **राष्ट्रिय रोजगार प्रवर्द्धन र आन्तरिक दशक अभियान कार्यान्वयन:** नेपाल सरकारद्वारा घोषित 'आन्तरिक रोजगार प्रवर्द्धन दशक अभियान' का कार्यक्रम र प्रतिबद्धताहरूलाई स्थानीयकरण गर्दै गाउँपालिकाको साझा कार्यक्रमका रूपमा 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम' लाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ ।

६२. **बहुक्षेत्रीय समन्वय र एकीकृत आन्तरिक रोजगारी सिर्जना:** लक्षित वर्गको रोजगारीमा पहुँच बढाउन व्यावसायिक कृषि, सिँचाइ, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, र

यातायात पूर्वाधार जस्ता सार्वजनिक निर्माणका क्षेत्रहरूमा निजी क्षेत्र, सहकारी, र गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ र रोजगारीका वर्तमान सेवा-सुविधाको विस्तार गरी एकीकृत रूपमा थप आन्तरिक रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

६३. **सुरक्षित वैदेशिक रोजगार व्यवस्थापन र पुनःएकीकरण सहजीकरण:** वैदेशिक रोजगार सम्बन्धी सूचना सम्प्रेषण, श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृति, सीप विकास, कानुनी एवं मनोसामाजिक परामर्श, र वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरूका लागि पुनःएकीकरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै, वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषबाट प्राप्त हुने सहायता तथा सेवाहरू सहजै उपलब्ध गराउन रोजगार सेवा केन्द्रमार्फत निरन्तर सहजीकरण गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

६४. **नतिजामुखी कार्यसम्पादन, जवाफदेहिता र कर्मचारी क्षमता विकासः** कर्मचारीहरूको स्पष्ट कार्यविवरण (Job Description) तोकी कामको दोहोरोपन हटाइनेछ र डिजिटल (बायोमेट्रिक) हाजिरीमार्फत अनिवार्य समयपालन गराइनेछ। खर्चको आधारमा नभई नतिजाको आधारमा मासिक/त्रैमासिक कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्टलाई पुरस्कार र कमजोरलाई सुधार योजना लागू गरिनेछ। साथै, प्रशासनिक चुस्तताका लागि नियमित शाखागत/वडागत समन्वय बैठक बस्ने र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नयाँ प्रविधि तथा कानूनसम्बन्धी तालिमको व्यवस्था मिलाइनेछ।

६५. **डिजिटल गभर्नेन्स, एकद्वार प्रणाली र नागरिकमैत्री सेवाः** कागजी कामलाई न्यूनीकरण गर्दै ई-गभर्नेन्स, अनलाइन फाइल ट्र्याकिङ र डिजिटल अभिलेख व्यवस्थापन लागू गरिनेछ। सेवाग्राहीलाई छिटो-छरितो सेवा दिन 'एकद्वार प्रणाली' अवलम्बन गरिनेछ भने प्रशासनिक निर्णय र खर्चहरू वेबसाइटमार्फत सार्वजनिक गरी पारदर्शिता कायम गरिनेछ। अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र महिलामैत्री सेवा प्रवाह सुनिश्चित गर्दै विनम्र व्यवहार, प्रभावकारी गुनासो सुनुवाइ र नागरिक सन्तुष्टिलाई प्राथमिकता दिइनेछ।

६६. **प्रविधिमा आधारित वस्तुनिष्ठ योजना अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक परीक्षणः** योजना/आयोजनाहरूको गुणस्तर सुनिश्चित गर्न प्रारम्भिक, मध्यावधि र अन्तिम अनुगमनलाई अनिवार्य बनाइनेछ र यसलाई सूचना प्रविधिमा आधारित (IT-based) अनुगमन प्रणालीमा आबद्ध गरिनेछ। अनुगमनलाई तथ्यपरक बनाउन फोटो, भिडियो र लिखित प्रतिवेदन अनिवार्य गरी वार्षिक रूपमा सार्वजनिक गरिनेछ। योजना प्रक्रियामा स्थानीय नागरिक र उपभोक्ता समितिको सहभागिता बढाउँदै सार्वजनिक सुनुवाइ (Public Hearing) मार्फत पारदर्शिता र स्थानीय स्वामित्व सुदृढ गरिनेछ।

६७. **न्यायिक पहुँच र स्थानीय मेलमिलाप प्रवर्द्धनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नागरिकको न्यायमा सहज पहुँच सुनिश्चित गर्न न्यायिक समितिको सेवालाई वडा तहसम्म विस्तार गरिनेछ । विवाद समाधानमा अदालतभन्दा मेलमिलाप संस्कृतिलाई प्राथमिकता दिँदै प्रत्येक वडामा दक्ष मेलमिलापकर्ता परिचालन, क्षमता विकास र नियमित तालिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. **समावेशी, संवेदनशील र प्रविधिमैत्री न्याय प्रणालीः** महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा हिंसापीडितमैत्री न्याय प्रणालीको विकास गरिनेछ । न्यायिक प्रक्रियालाई पारदर्शी र प्रविधिमैत्री बनाउँदै उजुरी दर्ता, सुनुवाइ र निर्णयको व्यवस्थित अभिलेखीकरण गरिनेछ भने गोपनीयता आवश्यक पर्ने मुद्दामा विशेष संवेदनशीलता अपनाइनेछ ।

६९. **समुदाय-प्रहरी साझेदारी र न्यायिक जागरणः** न्यायिक समितिको क्षेत्राधिकार र कानुनी व्यवस्थाबारे जनचेतना जगाउन व्यापक प्रचारप्रसार गरिनेछ । "न्यायिक समिति र प्रहरी साझेदारी: समुदाय न्यायिक जागरण कार्यक्रम" सञ्चालन गरी स्थानीय स्तरमा कानुनी साक्षरता र नागरिक सशक्तीकरण सुनिश्चित गरिनेछ ।

७०. **राजश्वको दायरा विस्तार र आन्तरिक आय वृद्धीः** गाउँपालिकाको आन्तरिक आय बढाउन करको दायरा विस्तार गरिनेछ । घरबहाल कर, व्यवसाय कर, सम्पत्ति कर, विज्ञापन कर तथा सेवा शुल्कलाई वैज्ञानिक र व्यावहारिक बनाउनुका साथै कैलाश खोलाको ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोत र सार्वजनिक सम्पत्तिको उपयोगलाई व्यवस्थित र नियमन गरी आय अभिवृद्धि गरिनेछ ।

७१. **डिजिटल राजश्व संकलन र करदाता शिक्षाः** करदातामैत्री नीति अवलम्बन गर्दै डिजिटल माध्यमबाट कर भुक्तानी (E-Payment) गर्ने व्यवस्थालाई पालिकाभर विस्तार गरिनेछ । राजश्व चुहावट नियन्त्रणका लागि नियमित बजार अनुगमन गरिनेछ र सम्पूर्ण व्यवसायी, उद्योगी तथा नागरिकका लागि कर शिक्षा एवं प्रोत्साहनमूलक छुटका कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. **स्थानीय कानुन तर्जुमा र समयानुकूल परिमार्जनः** गाउँपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको समुचित प्रयोग र स्वीकृत नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नयाँ कानुनहरूको निर्माण तथा विद्यमान कानुनहरूको समयानुकूल पुनरावलोकन र परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७३. **पारदर्शी खरिद प्रणाली र खर्चमा मितव्ययिताः**सार्वजनिक खर्चमा उच्च मितव्ययिता कायम गरिनेछ । वार्षिक खरिद योजना निर्माण गरी सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित र खुला प्रतिस्पर्धात्मक बनाइनेछ । प्रतिस्पर्धा सीमित हुने गरी गरिने टुक्रे खरिदको परिपाटीलाई पूर्ण रूपमा निरुत्साहित गरिनेछ ।

७४. **बेरुजु फछ्र्यौट र आर्थिक प्रशासनको सुदृढीकरण:** महालेखा परीक्षकको कार्यालयले औँल्याएका बेरुजुहरूको समयमै सम्परीक्षण तथा फछ्र्यौट गरिनेछ । आर्थिक प्रशासनलाई नतिजामुखी बनाउन मासिक, चौमासिक र वार्षिक वित्तीय विवरणहरू सूचना पाटी, वेबसाइट तथा स्थानीय सञ्चार माध्यमहरूबाट अनिवार्य सार्वजनिक गरी वित्तीय जवाफदेहिता कायम गरिनेछ ।

७५. **संस्थागत सुशासन, समीक्षा र सामाजिक परीक्षण:**गाउँपालिकाको काम-कारबाहीको चौमासिक, अर्धवार्षिक र वार्षिक रूपमा समीक्षा गरिनेछ । संस्थागत सुशासन प्रवर्द्धनका लागि नियमानुसार सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाइनेछ ।

७६. **कार्यसम्पादनमा आधारित प्रोत्साहन र क्षमता विकास:** जनप्रतिनिधिहरू र राष्ट्रसेवक कर्मचारीहरूको कार्यक्षमता वृद्धिका लागि समयानुकूल विभिन्न तालिमहरू सञ्चालन गरिनेछ । कर्मचारीहरूलाई स्पष्ट कार्यविवरण सहित कार्यसम्पादन सम्झौता गराइनेछ । उत्कृष्ट कार्य गर्ने २ जना शिक्षक र २ जना कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कृत गरी मनोबल उच्च पारिनेछ ।

७७. **चुस्त सेवा प्रवाह र नागरिक वडापत्रको कार्यान्वयन:** गाउँपालिका र सबै वडा कार्यालयहरूमा स्पष्ट जानकारी सहितको डिजिटल/भौतिक "नागरिक वडापत्र" व्यवस्था गरिनेछ । सेवा प्रवाहलाई सरल र निष्पक्ष बनाउन **"First Come, First Service"** को सिद्धान्तका आधारमा झन्झटरहित प्रशासनिक सेवा प्रवाह सुनिश्चित गरिनेछ ।

७८. **जिन्सी व्यवस्थापन र समयबद्ध निरीक्षण:** कार्यालयको जिन्सी सामानहरूको अभिलेखलाई सूचना प्रविधिमा आबद्ध गरी थप व्यवस्थित बनाइनेछ । समयमै जिन्सी निरीक्षण गराई आवश्यकताको आधारमा मर्मत-सम्भार गर्ने तथा काम नलाग्ने सामानहरूको नियमानुसार लिलामी प्रक्रिया अघि बढाई सरकारी सम्पत्तिको उचित व्यवस्थापन गरिनेछ ।

७९. **डिजिटल शासन (E-Governance) र स्मार्ट गाउँपालिकाको अवधारणा:** पालिकाको शासकीय व्यवस्थालाई डिजिटल शासन प्रणालीमा रूपान्तरण गर्न प्राथमिकता दिइनेछ । शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्दै "स्मार्ट गाउँपालिका" निर्माणतर्फ सञ्चार र प्रविधिको पहुँचलाई गाउँगाउँसम्म विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

**८०.** **सीप विकास, भूमिहीन समस्या समाधान र अन्तर-तह समन्वय:**स्थानीय मिस्त्री तथा श्रमिकहरूलाई दक्ष बनाउन गाउँपालिका स्तरीय प्राविधिक तालिम सञ्चालन गरिनेछ । जग्गाधनी प्रमाणपूर्जा विहीन नागरिकहरूलाई पुर्जा उपलब्ध गराउन आवश्यक कानुनी र प्रशासनिक पहल

गरिनेछ । साथै, विकासका आयोजना र नीति कार्यान्वयनमा सङ्घ, प्रदेश र अन्य स्थानीय तहसँग कार्यात्मक समन्वय र सहकार्य सुदृढ गरिनेछ ।

**विविध**

८१. **रामारोशनको रैथाने मदिराः कालापानी सोमरसः** कालापानी क्षेत्रको रैथाने मदिराको मौलिक स्वाद र गुणस्तर सुनिश्चित '**कालापानी सोमरस**'का रुपमा ब्राण्डिङ्ग गरि नियमानुसार दर्ता, प्याकेजिङ्ग र स्थानीय सहकारी वा उद्यम समूहमार्फत व्यावसायिक उत्पादन गरी यसलाई पर्यटन र ग्रामीण रोजगारीसँग जोडेर बजारिकरण एवं प्रवर्द्धन गरिनेछ।

अन्त्यमा, नेपालको संविधानले तीन तहको राज्य संरचनालाई आत्मसात गरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, शुसासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ । जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सीमित स्रोत, साधन एवं कमजोर आन्तरिक आयको कारण आम जनताको आकांक्षा अनुरुप एवं हामीले सोचेको आर्थिक, सामाजिक विकास र सम्वृद्धिको लक्ष्य प्राप्त गर्न सकिएको छैन तथापी यो नीति तथा कार्यक्रममा समाबेश हुन नसकेका कार्यक्रमहरु आगामी आर्थिक वर्षमा समावेश गरिदै लगिने छ र निर्दिष्ट निति तथा कार्यक्रम बमोजिम बजेट तर्जुमा गरिनेछ । सीमित स्रोत र साधनबाट दीगो विकास, समृद्धि र सुशासनको आकांक्षा परिपुर्तिको लागि नै जनताले हामीलाइ यो युगिन जिम्मेवारी -सुम्पिएकोले यो नीति तथा कार्यक्रम अनुमोदनको लागि यो सम्मानित सभा समक्ष पेश गर्दछु ।

**मान बहादुर साउँद**
**अध्यक्ष**
**रामारोशन गाउँपालिका**